मिति २०७८ वैशाख १९ गते आइतबार बसेको कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकको निर्णयहरु:

१. कपिलवस्तु जिल्लामा कोभिड-१९ को अवस्थाबारे छलफल तथा समीक्षा गरियो । आज सम्म जम्मा संक्रमित २५८९ जसमध्ये सक्रिय संक्रमित ४६१ जना रहेको । हालसम्म ४७ जना (विगत १ महिनामा १९ जना) को मृत्यु भएको छ ।

२. गृह मन्त्रालयको च.नं. ३१०९ मिति २०७८।०१।१४ र च.नं. ३११३ मिति २०७८।०१।१४ को निर्णय कार्यान्वयन सम्बन्धी पत्रहरु बैठकमा जानकारी भयो ।

३. कपिलवस्तु अस्पतालबाट हालै साविकको महिला तथा बालबालिका कार्यालयमा सञ्चालनमा ल्याइएको अस्थायी कोरोना अस्पताललाई जिल्ला प्रशासन कार्यालयमा कोभिड १९ नियन्त्रणका लागि प्राप्त भएको रकमबाट रु. पाँचलाखसम्मको अक्सिजन सिलिण्डर खरिदका लागि रकम भुक्तानी गर्ने ।

४. उक्त अस्थायी कोरोना अस्पताललाई सबै पालिका तथा अन्य सहयोगी निकाय/ संस्था/ व्यक्तिबाट आवश्यक सहयोग पुर्याउने ।

५. कोरोना अस्थायी अस्पतालमा नेपाल प्रहरीबाट सुरक्षा व्यवस्था मिलाउने ।

६. सबै स्थानीय तहहरुले यथासिघ्र पालिकास्तरको आइसोलेशन सञ्चालन गर्ने । स्वास्थ्य समस्या परेकालाई CICT टिम मार्फत होम आइसोलेसनमा बसेकालाई दिनको २ पटक फ्लोअप गर्ने व्यवस्था गर्ने ।

७. कृष्णनगरमा सञ्चालनमा रहेको हेल्थडेस्क र होल्डिङ सेन्टरलाई कृष्णनगर नगरपालिकाको आवश्यक सहयोगमा अझ व्यवस्थित गर्ने ।

८. संक्रमितहरुलाई देहायका एम्बुलेन्सहरु मार्फत सेवा प्रदान गर्ने ।

देहाय

| सञ्चालक | एम्बुलेन्स |
|---|---|
| १.बाणगंगा न.पा. | पिपरा अस्पतालको |
| २. मायादेवी गा.पा. | विजुवा स्वास्थ्य चौकीको |
| ३. कपिलवस्तु न.पा र उ.बा.संघ तौलिहवा | तौलिहवा उ.वा.संघको |
| ४. बुद्धभूमि न.पा. | बुद्धभूमि न.पा. को |
| ५. यशोधरा गा.पा. | यशोधरा गा.पा को |
| ६. महाराजगंज न.पा. | महाराजगंज प्राथमिक स्वास्थ्य चौकीको |
| ७. कृष्णनगर न.पा. | दिगो विकास यूवा क्लव, कृष्णनगरको |
| ८. कपिलवस्तु अस्पताल | कपिलवस्तु अस्पतालको |

सेवा सञ्चालन गर्न नमान्ने सवारीचालक वा सञ्चालकलाई कानुन बमोजिम कार्वाही हुनेछ ।

९. जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गैरहेको हुँदा संक्रामक रोग नियन्त्रण ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८ साल बैशाख २१ गते बिहान ४:०० बजेदेखि २०७८ साल बैशाख ३१ गते शुक्रबार बेलुका १२:०० बजेसम्म कपिलवस्तु जिल्लाभर लागू हुने गरी निषेधाज्ञा जारी गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिश गर्ने ।

१०. खाद्यवस्तु, ग्याँस, दुध र दुधजन्य पदार्थ, फलफूल, तरकारी, माछा/मासु बिक्री वितरण गर्ने पसल/व्यवसाय विहान ९:०० बजे देखि अपराहन्न १३:०० बजे सम्ममात्र खोल्न सकिने गरी आदेश जारी गर्ने।

११. विदेशबाट घरमा आइ होम आइसोलेसनमा बसेका व्यक्तिहरुको स्थानीय पालिकाले सम्बन्धित वडा टोल विकास संस्था र स्वास्थ्यकर्मी मार्फत नियमित रुपमा अनुगमन गर्ने।

२०७८।१।१८